# कालीगण्डकी सामुदायिक वन उपभोक्ता समुह

सत्यवती गा.पा.-२, गुल्मी

प.सं.:

च.नं.:

सुचना ! सुचना !! सुचना !!!

---

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

(दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/११/१८ गते)

यस कालीगण्डकी सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व. २०७८/०७९ र २०८०/०८१ मा कटान मुछान भई उत्पादन भएको सत्यवती गा.पा.-२, पाहाँदी, गुल्मी स्थित घाटगद्दीमा विभन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ, दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचिकृत उद्योगले यो सुचना दोस्रो पटक बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरी २२ (बाईस) औं दिन कार्यालय समय भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

वन पैदावारको विवरणः

| लट नं. | उत्पादन बर्ष | वन पैदावारको किसिम | जात | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मोल रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७८/०७९ | काठ | खयर | १३७ | १५७.५० | १,५७,५००।०० | १८,५०१।४० | |
| २ | २०८०/०८१ | काठ | खयर | ३६६ | २९९.१३ | २,९९,१३०।०० | ४२,२१०।०० | |

**शर्त तथा नियमहरुः**

१. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः
   (क) बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८२/१२/०८ गते, कार्यालय समयसम्म ।
   (ख) बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८२/१२/०९ गते, कार्यालय समयसम्म।

२. बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा तोकिएको समय भित्र खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र फारमको दस्तुर प्रति लटको रु.१,०००।०० (एक हजार) पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह वा डिभिजन वन कार्यालय तम्घास, गुल्मीबाट खरिद गरी खरिद गरिएकै कार्यालयमा दाखिला गर्न सकिनेछ ।

# कालीगण्डकी सामुदायिक वन उपभोक्ता समुह

## सत्यवती गा.पा.-२, गुल्मी

प.सं.:
च.नं.:

४. बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कालीगण्डकी सामुदायिक वन उपभोक्ता समूहको नाममा राष्ट्रिय बाणिज्य बैंक, गुल्मी शाखामा रहेको चल्ती खाता नं. ३०१०१००००३५८६००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५. बैंक जमानत कागज धरौटीको रुपमा पेश गरिएका त्यस्तो जमानत कम्तिमा छ महिना सम्मको लागि हुनुपर्नेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको सत्यवती गा.पा.-२, पाहाँदी, गुल्मी स्थित घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन ईच्छुक काठ, दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई सूचिकृत उद्योगका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणको प्रतिलिपि र सूची दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

८. निर्धारित न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु यस समुह र डिभिजन वन कार्यालय, गुल्मीबाट प्राप्त भएपछि समुहको कार्यालयमा मिति २०८२/१२/१० गते दिउँसो ३:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैतालिस) दिन भित्र सकार गरेको रकम, संकलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. छुट्टा छुट्टै लटको लागि छुट्टा छुट्टै बोलपत्र खरिद गरि पेश गर्नुपर्नेछ ।

१२. कटान मुछान तथा घाटगद्दी/संकलन खर्च छुट्टै बुझाउनु पर्नेछ ।

१३. तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, संकलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी रकम जफत गरी नियमानुसार गरिनेछ ।

१४. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१५. उपरोक्त बाहेक अन्य कुराको हकमा सामुदायिक वनको काठ/दाउरा संङ्कलन तथा विक्रि बितरण निर्देशिका, २०७१ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. अन्य जानकारीको लागि यस समुहको कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।